५१४ - ५२६

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३९०/२०७२/०७३
निर्णय नं. ५२६

फ्रिडम फोरम, थापाथली,काठमाडौंका तारानाथ दाहाल समेत ...............................२ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय, महोत्तरी.......... ..................................१ विपक्षी

सूचना अधिकारी, जिल्ला स्वास्थय कार्यालय, महोत्तरी .............. ............. .............१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले जिल्ला स्वास्थय कार्यालय महोत्तरी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१२ मा पुनरावेदन गरेको । तत् पश्चात यस आयोगको मिति २०७२।०६।२७ को आदेश वमोजिम जिल्ला स्वास्थय कार्यालय, महोत्तरीलाई मिति २०७२।६।२८ गते को पत्रद्वारा सूचना उपलब्धे गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा जिल्ला स्वास्थ्य कार्यालय, महोत्तरीको मिति २०७२।०९।१९, च.नं. ४०४, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगलाई प्रेषित गरी पुनरावेदकलाई बोधार्थ मार्फत जानकारी गराईएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| ..................... | ..................... | ..................... |
| यशोदादेवी तिम्सिना | किरणकुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७२ साल माघ ०४ गते रोज २ शुभम् ।